# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक २४९ | काठमाडौं | शनिबार, २० पुस २०८१ | Prabhab National Daily | Saturday, January 04, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


## भयावह बन्दै ‘अनलाइन ठगी’

### सिआइबीको सातबुँदे अपिल- सावधानी अपनाऔं

■ प्रभाव संवाददाता

**काठमाडौं–** पछिल्लो समय अनलाइन ठगीका घटना अत्यधिक बढेको पाइएको छ । विभिन्न सामाजिक सञ्जाल र मोबाइल एपमार्फत मानिसहरू ठगिएका घटना निरन्तर सार्वजनिक भइरहेका छन् । यसलाई मध्यनजर राख्दै नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले यस्ता ठगीबाट बच्न आग्रह गरेको छ । पछिल्लो समय विभिन्न प्रलोभनमा पारेर अनलाइन ठगी बढेको भन्दै ठगीबाट बच्न विशेष सावधानी अपनाउन ब्युरोले अनुरोध गरेको हो ।

सिआइबीका प्रवक्ता प्रहरी उपरीक्षक होबिन्द्र बोगटीले हालैमात्र पोखरामा ५७ लाख रूपैयाँ, चितवनमा १६ लाख रूपैयाँ, नेपाल सरकारका कर्मचारीहरूको पाँच लाख ५० हजार रूपैयाँ, विभिन्न कम्पनी तथा सर्वसाधारणको करोडौं रकम ठगी भएको र उक्त विषयमा अनुसन्धान भइरहेको जानकारी दिँदै त्यस्ता लोभमा नफस्न अनुरोध गरेका छन् ।

शुक्रबार सिआइबीले सात बुँदामा एक सार्वजनिक अपिल जारी गर्दै केही दिनयता सामाजिक सञ्जाल फेसबुक, इन्स्टाग्राम, टेलिग्राम, ह्वाट्सएप, म्यासेञ्जर, भाइबर तथा इमोलगायतबाट फोन गरी डिजिटल वालेट तथा बैंक/वित्तीय संस्थाबाट बोलेको भनी विभिन्न अपरिचित नम्बरहरूबाट फोन गरी वा म्यासेज गरी नेपाल सरकारका कर्मचारी तथा आमसर्वसाधारणलाई समेत धोकापूर्ण तरिकाले प्रलोभनमा पारी ठगी गरिएको पाइएको जनाएको छ ।

यस्ता घटनाहरूप्रति गम्भीर ध्यानाकर्षण भएको सिआइबीले जनाएको छ । त्यस्ता ठगीबाट बच्न अनुरोध गर्दै सिआइबीले विभिन्न सात बुँदे ध्यानाकर्षण पनि सार्वजनिक गरेको छ ।

सिआइबीले इसेवा, खल्तीजस्ता वालेट, बैंक तथा वित्तीय संस्थाको लोगोसमेत प्रयोग गरी धोकापूर्ण तरिकाले सम्बन्धित संस्थाको आधिकारिक व्यक्ति भनी कल गर्ने तथा पटक-पटक गलत पासवर्ड राखेर वालेट अल्पकालीन बन्द गर्ने, त्यही समय वालेट प्रयोगकर्तालाई कल गरी तपाईंको




- पोखरामा ५७ लाख रूपैयाँ, चितवनमा १६ लाख रूपैयाँ, नेपाल सरकारका कर्मचारीहरूको पाँच लाख ५० हजार रूपैयाँ, विभिन्न कम्पनी तथा सर्वसाधारणको करोडौं रकम ठगी
- ठगी कार्यमा ५०० भन्दा बढी फोन नम्बर सक्रिय
- फेसबुक, इन्स्टाग्राम, टेलिग्राम, ह्वाट्सएप, म्यासेञ्जर, भाइबर तथा इमोलगायतमार्फत प्रलोभनमा पारी ठगी

यसमा समस्या आएको छ म सेवाप्रदायक कम्पनीबाट बोलेको भनी ओटिपी माग गर्नेहरूसँग सावधानी हुन अनुरोध गरेको छ ।

सावधानी नभए क्षणभरमा नै उक्त वालेटमा भएको पैसा अन्य व्यक्तिको वालेटमा वा बैंक खातामा ट्रान्सफर हुने भनी सजग पनि गराएको छ ।

यस्तै सामाजिक सञ्जालमा विभिन्न खालका प्रलोभनमा पार्ने म्यासेज पठाउने र विभिन्न किसिमका एआईले बनाएको आवाजबाट कल गरी तपाईंको सामान आएको छ, तपाईंलाई फाइदा हुने खालको व्यापार छ भन्नेजस्ता लिंक पठाई खोल्न लगाउने र लिंक खोल्नेबित्तिकै युजरनेम र पासवर्डमा पहुँच पुऱ्याएर पैसा रकमान्तर गर्ने गरेको भन्दै त्यसतर्फ पनि सावधानी हुन सिआइबीले अनुरोध गरेको छ ।


क्रमशः पृष्ठ २ मा


## संसद् बोलाउन छाडेर दलहरू संविधान संशोधनको छलफलमा



सदन बोलाउन सर्वथा ढिला भएको छ । चाँडोभन्दा चाँडो बोलाउनुपर्छ । सरकारको नियत राम्रो देखिएको छैन ।

■ **अग्निप्रसाद सापकोटा**
उपाध्यक्ष
माओवादी केन्द्र



सरकारमा रहेका प्रमुख दुई दलको उच्चस्तरीय राजनीतिक संयन्त्र बनेको छ । यस संयन्त्रको पहिलो काम संविधान संशोधनका लागि प्रक्रियागत काम प्रारम्भ गर्नु हुने छ ।

■ **पृथ्वीसुब्बा गुरुङ**
मन्त्री, सूचना तथा सञ्चार



वर्तमान संविधान वास्तवमा संविधानसभामा व्यापक छलफल गरेर आएको होइन, संविधानसभामा ३६१ वटा संशोधन प्रस्ताव दर्ता भएको थियो । तर पनि छलफल नै नभएर संविधान ल्याइयो ।

■ **उपेन्द्र यादव**
अध्यक्ष, जसपा नेपाल

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रतिनिधिसभाको चौथो अधिवेशन अन्त्य भएको चार महिना बितिसक्दा पनि सदन बोलाउने कुनै तयारी छैन । तर दलहरू भने संविधान संशोधनको छलफलमा जुट्न हतारका साथ बैठकमा जुटेका छन् ।

सबैभन्दा रोचक त प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का अध्यक्ष रवि लामिछाने पक्राउ पर्नुअघि नै विशेष अधिवेशन बोलाउने दाबी गरेका थिए । तर लामिछाने पक्राउ परेको तीन महिना बित्दा पनि प्रतिपक्षी दलका नेता दाहालले सदनको बैठक बोलाउन माग गर्न सकेका छैनन् ।

स्थानीय तहको उपनिर्वाचनताका चुनावी प्रचारमासमेत दाहालले विशेष महाधिवेशन बोलाउने तर्क गरेका थिए । ‘मैले प्रतिनिधिसभामा विश्वासको निम्ति वक्तव्य दिँदै गर्दा प्रतिपक्षीहरूले खबरदारी गर्दै गर्दा, यदि सरकारले सुनेन भने प्रतिनिधिसभाको विशेष अधिवेशन बोलाउन प्रतिबद्ध छौं,’ दाहालले मंसिर १३ गते भनेका थिए । तर पुसको तेस्रो हप्ता लाग्दासमेत दाहाल सदन बोलाउनेबारे मौन छन् ।

शुक्रबार माओवादी स्थायी कमिटीको बैठकपछि प्रवक्ताको जिम्मेवारीसमेत पाएका उपाध्यक्ष अग्निप्रसाद सापकोटाले आफ्नो पालामा मंसिर १३ भित्र हिउँदे अधिवेशन डाक्ने गरेकोमा यसपटक ढिला भइसकेको जिकिर गरे । पूर्वसभामुखसमेत रहेका सापकोटाले अधिवेशन माग गर्नुभन्दा पनि



सरकारको विरोधतिर बढी समय खर्च गरे ।

‘सदन बोलाउन ढिला भएको छ । म सभामुख हुँदा मंसिरको १२ गतेभन्दा ढिला गएको थिएन । सर्वथा ढिला भएको छ,’ उनले भने । उनले सदन छलेर सरकारले अध्यादेश ल्याउन खोजेको दाबी गरे । ‘सरकारको नियत राम्रो देखिएको छैन । अध्यादेश ल्याउँदै छ सरकारले । त्यो पनि पार्टी फुटाउन । यो लोकतन्त्रमाथि गम्भीर समस्या हुँदै छ,’ सापकोटाले भने । शीर्ष दलका नेताहरू भने राष्ट्रिय स्वतन्त्र पार्टीका नेताहरूको अनुरोधमा सदन नबोलाइएको बताउँछन्ण । लामिछानेको मुद्दा किनारा नलागेसम्म सदन नबोलाउन उपसभामुख इन्दिरा रानामगरमार्फत अनुरोध आएको सभामुख देवराज घिमिरेनिकट एमाले नेताहरू बताउँछन् ।

### नेताहरूको जोड संविधान संशोधनमा

संघीय लोकतान्त्रिक गणतन्त्र जारी भएसँगै संघीय संविधान लागू भएको नौ वर्ष पूरा भएको छ । यस्तो बेला दलहरू संघीय संविधान कार्यान्वयनमा लैजान जोड दिनुको साटो संविधान संशोधनको तयारीमा लागेका छन् ।

संघीयताका लागि जोडतोडले लागेको माओवादीलेसमेत स्थायी कमिटी बैठकमा संविधान संशोधनका चारवटा प्रस्ताव पेस गरेको छ । जसमा प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति, पूर्णसमानुपातिक निर्वाचन प्रणाली, सांसद मन्त्री बनाउन नपाइने, विज्ञलाई बनाउने र प्रतिनिधिसभामा ५० प्रतिशत महिला सहभागिता सुनिश्चित हुर्नेपर्ने प्रस्ताव बैठकमा आएको छ ।

संघीयताको कानुनअनुसार न त निजामती कर्मचारी कानुन बनेको छ न त प्रदेश प्रहरीको गठन । प्रदेशले अधिकार नपाउँदा पूर्णरूपमा काम गर्न नसकिरहेको अवस्था छ । यस्तो अवस्थामा प्रमुख दलहरूले भने प्रदेशको विषयमासमेत संविधान संशोधनका एजेन्डा बनाउने तयारी गरेका छन् ।

यता सत्ताको नेतृत्व गरिरहेको दल नेकपा एमालेले सदन बोलाउन चाहेकै छैन । एमाले अध्यक्षसमेत रहेका प्रधानमन्त्री केपी शर्मा ओलीले पुस २१ र २२ गतेका लागि पार्टीको केन्द्रीय कमिटी बैठक डाकेका छन् । त्यसअघि एमालेले सचिवालय बैठक राख्यो । केन्द्रीय कमिटीको पूर्वतयारीका क्रममा ओलीले सचिवालयमा राजनीतिक प्रतिवेदनसमेत पेस गरे ।

बैठकमा ओलीले संविधान संशोधन प्रभावकारी ढंगले अगाडि बढाउन उच्चस्तरीय राजनीतिक संयन्त्रसहित अन्य थप कार्यदल बनाएर प्रयास भइरहेको बताए । संविधान संशोधन, संघीयताको कार्यान्वयनका लागि राजनीतिक स्थिरताको सन्देश दिन सफल भएको दाबीसमेत ओलीले गरे ।

सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङ प्रमुख दलको सहमतिमै संविधान संशोधन हुने बताउँछन् । ‘सरकारमा रहेका प्रमुख दुई दलको उच्चस्तरीय राजनीतिक संयन्त्र बनेको छ । यस संयन्त्रको पहिलो काम संविधान संशोधनका लागि प्रक्रियागत काम प्रारम्भ गर्नु हुने छ,’ मन्त्री गुरुङ भन्छन् ।

हरेक १० वर्षभित्र संविधान कार्यान्वयन गर्दै जाँदा कहाँ-कहाँ कमजोरी देखियो, बाधा परेका धारा तथा कानुन परिवर्तन गरिने व्यवस्था रहेको उनले उल्लेख गरे ।


क्रमशः पृष्ठ २ मा


**सन्दर्भः वैदेशिक रोजगार**

## रूसको श्रम स्वीकृति खुलाउन एनआरएनएको माग, तत्काल पहल गर्ने श्रममन्त्रीको प्रतिबद्धता

■ प्रभाव संवाददाता

**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले रुसका लागि छिट्टै श्रम स्वीकृति खुलाउन आवश्यक पहल गर्ने बताएका छन् । गैरआवासीय नेपाली संघ (एनआरएनए)का अध्यक्ष डा. बद्री केसीसँग शुक्रबार भएको भेटमा मन्त्री भण्डारीले उक्त प्रतिबद्धता जनाएका हुन् ।

‘रुसका लागि श्रम स्वीकृति खुलाउने सम्बन्धमा खासै धेरै समस्या छैन, परराष्ट्र मन्त्रालयसँग समन्वय गरी छिट्टै श्रम स्वीकृति खुला गर्छौं,’ उनले भने । उक्त भेटमा संघको तर्फबाट अध्यक्ष डा. केसीले तत्कालीन अवस्थालाई ध्यानमा राखी नेपाल सरकारले गरेको निर्णयमा पुनरावलोकन आवश्यक रहेको बताएका थिए । यसका लागि पहल गरिदिन उनले श्रममन्त्रीसमक्ष आग्रह गरे ।

वर्षौंदेखि विभिन्न रोजगार, पेसा, व्यवसाय एवं उच्च शिक्षा अध्ययन गर्न रसियामा बसिरहेका हजारौं नेपालीहरूका लागि सहजरूपमा आवतजावतका लागि श्रम स्वीकृति एवं नवीकरण कार्य तत्काल सुरु गरिदिन अध्यक्ष केसी आग्रह गरे ।

वैदेशिक रोजगारीका लागि जान चाहने नेपाली कामदारका लागि श्रम



वैदेशिक रोजगारीका लागि जान चाहने नेपाली कामदारका लागि श्रम स्वीकृति प्रदान गर्दा युद्धरत देश रूसमा सेनामा सहभागी हुन सक्ने सम्भावना रहेको र सोबाट सिर्जना हुनसक्ने मानवीय जोखिम रहेको भन्दै एक वर्षअघि वैदेशिक रोजगार विभागले रूसका लागि श्रम स्वीकृति दिन रोकेको थियो ।

स्वीकृति प्रदान गर्दा युद्धरत देश रुसमा सेनामा सहभागी हुन सक्ने सम्भावना रहेको र सोबाट सिर्जना हुनसक्ने मानवीय जोखिम रहेको भन्दै एक वर्षअघि वैदेशिक रोजगार विभागले रुसका लागि श्रम स्वीकृति दिन रोकेको थियो ।

सोही भेटका क्रममा अध्यक्ष केसीले इराकको कुर्दिस्तानमा रहेका नेपालीका समस्याबारे जानकारी गराउँदै तत्काल समस्या समाधानका लागि पहल गर्न अनुरोध गरे । ‘ठूलो संख्यामा नेपालीहरू विभिन्न पेसा तथा व्यवसायमा संलग्न रहेका छन् । ती नेपालीहरूलाई पासपोर्ट नवीकरण तथा नेपाली दूतावासबाट प्राप्त गर्ने सुविधा लिनका लागि कुवेतस्थित नेपाली दूतावास तोकिएको छ, जुन त्यति सहज नभएको गुनासो आउने गरेको छ,’ अध्यक्ष केसीको आग्रह थियो, ‘उक्त सुविधा कतार तथा युएईको नेपाली दूतावासबाट पाउने गरी व्यवस्था गरिदिनु हुन पनि म अनुरोध गर्छु ।’

जवाफमा मन्त्री भण्डारीले उक्त विषयमा परराष्ट्र मन्त्रालयमार्फत समन्वय गर्ने उल्लेख गरे । सो अवसरमा अध्यक्ष केसीले वैदेशिक रोजगारीमा रहेकालाई सामाजिक सुरक्षा कोषमा आबद्ध हुन गैरआवासीय नेफाली संघसँग संयुक्त र सामूहिक कार्यत्रमको तर्जुमा गर्नसमेत आग्रह गरेका छन् । जवाफमा मन्त्री भण्डारीले बढीभन्दा बढी श्रमिक तथा स्वरोजगारकर्तालाई कोषमा आबद्ध गर्न सरकारले परिमार्जनसहितको योजना बनाइरहेको र त्यसमा एनआरएनसँग पनि सहकार्य गर्ने बताए । आगामी फेब्रुअरीमा सरकारले गर्न लागेको श्रम रोजगार सम्मेलनमा पनि एनआरएनलाई सहभागी गराउने उनले उल्लेख गरे ।


क्रमशः पृष्ठ २ मा





# 'फ्लूबाट दीर्घरोगी र ज्येष्ठ नागरिक बढी जोखिममा'

**काठमाडौं–** जाडो देखिएसँगै धेरै जनामा इन्फ्लुएन्जा (फ्लू) को संक्रमणको जोखिम बढ्छ । यो इन्फ्लुएन्जा भाइरसले लाग्ने संक्रामक रोग हो । यो भाइरसबाट सबै उमेरका व्यक्ति जोखिममा हुन सक्छ । विज्ञका अनुसार फ्लू भएका व्यक्तिले बोल्दा, खोक्दा, हाच्छिउँ गर्दा निस्किएका छिटा नजिकको व्यक्तिको नाक वा मुखमा परेमा यो भाइरस सर्न सक्दछ । ती छिटा श्वासबाट फोक्सोमा पनि जाने र भाइरस भएको कुनै सतह छोएर आफ्नो मुख वा नाक छुँदा पनि फ्लू लाग्न सक्छ ।

सरुवा रोग विशेषज्ञ डा. शेरबहादुर पुन भन्छन्, 'फ्लू एक प्रकारको भाइरल संक्रमण हो । यो संक्रमण भएको दुईदेखि तीन दिनमा लक्षण देखिन सुरु हुन्छ । यसको लक्षण भनेको उच्च ज्वरो आउनु, जिउ दुख्नु, घाँटी दुख्नु, कसैकसैलाई पखाला लाग्ने पनि हुनसक्छ । यसले जटिलताको अवस्थामा निमोनिया गराउन सक्छ ।' त्यसैगरी टाउको दुख्नु, खोकी लाग्नु, जीउ र मांसपेशी दुख्नु, नाक बन्द हुनु वा सिँगान बग्नु, थकान महसुस हुनुआदि थप फ्लूका लक्षण हुन् । यद्यपि फ्लू भएका सबैलाई ज्वरो नआउन पनि सक्छ ।

चिकित्सकका अनुसार प्रशस्त आराम र झोलिलो पदार्थको सेवनले फ्लू हप्तादेखि १० दिनसम्ममा निको भएर जान्छ । फ्लू भएका अधिकांश व्यक्तिहरूलाई चिकित्सकको हेरचाह वा एन्टिभाइरल औषधिहरू आवश्यक पर्दैन । डा. पुन भन्छन्, 'संक्रमित हुँदा आराम त गर्नुपर्‍यो नै । यसले अरुलाई सार्नसक्ने सम्भावना पनि कम हुन्छ । कतिपयलाई ब्याक्टेरयाले थप संक्रमण गरायो भने एन्टिबायोटिकको आवश्यकता पर्न सक्छ त्यसका लागि चिकित्सकको परामर्श लिनुपर्छ ।'

फ्लूबाट बच्नका लागि बिरामी भएका व्यक्तिसँग भौतिक दूरी कायम गर्ने, खोक्दा वा हाच्छिउँ गर्दा आफ्नो मुख र नाक छोप्ने, मास्क लगाउने, सरसफाइमा ध्यान दिने, सम्भव भएसम्म बिरामी हुँदा घरमै बस्ने, प्रशस्त तरल पदार्थ र पौष्टिक खानाको सेवन गर्नेलगायत सुझाव चिकित्सक दिन्छन् । रोग प्रतिरोधात्मक क्षमता कम भएका, दीर्घरोगी, गर्भवती, ज्येष्ठ नागरिकलाई बढी जटिल बनाउनसक्ने भएकाले सजग र स्वास्थ्यकर्मीको निगरानीमा रहनुपर्छ । 'जोखिम समूहका व्यक्तिले चिकित्सकसँग परामर्श लिएर औषधि लिनुपर्ने हुन्छ । फ्लूविरुद्ध खोप पनि उपलब्ध छ । खोप लगाएमा यसले थप जटिल हुन अवस्थाबाट धेरै हदसम्म कम गराउँछ,' डा. पुन भन्छन् । *रासस*

# स्वास्थ्य बिमा सुधार गर्न गठित समितिले बुझायो प्रतिवेदन

**काठमाडौं (प्रस)–** स्वास्थ्य बिमा क्षेत्र सुधार गर्न गठित सुधार समितिले स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेललाई प्रतिवेदन हस्तान्तरण गरेको छ । मन्त्रालयमा शुक्रबार आयोजित प्रतिवेदन हस्तान्तरण कार्यक्रममा स्वास्थ्यमन्त्री पौडेलले प्रतिवेदनले सुझाव दिएका बुँदाहरू कार्यान्वयन गरिने प्रतिबद्धता व्यक्त गरे ।

उनले भने, 'बिमा क्षेत्रमा सुधार गर्ने हुटहुटी छ । यो प्रतिवेदनले स्वास्थ्य बिमा सुधार गर्नुपर्ने योजना र विषयवस्तु समेटेको छ । प्रतिवेदन अध्ययन गरेर यसलाई लागू गर्ने छौं ।'

उनले विद्यमान स्वास्थ्य बिमा कार्यक्रम व्यवस्थित हुन नसकेको र लक्षित समूहले पूर्णरूपमा लाभ पुग्नेगरी सेवा लिन नसकेको भन्दै प्रतिवेदनले सुधार गर्न सहयोग गर्ने बताए । उनले प्रतिवेदन मन्त्रिपरिषद्मा पनि बुझाइने र केही समयपछि सार्वजनिक गरिने जनाए ।

मन्त्रालयका सचिव हरिप्रसाद मैनालीले स्वास्थ्य बिमा सुधारका निम्ति पेस गरिएको प्रतिवेदन राम्रो कामको सुरुआत भएको बताए । उनले भने, 'विभिन्न चरणमा विज्ञसँग छलफल गरेर तयार पारिएको प्रतिवेदन हो । स्वास्थ्य बिमासम्बन्धी रणनीति प्रतिवेदनमा आएको छ । अध्ययन गरेर यसको कार्ययोजना बनाउने छौं ।'

असोज ९ गते वरिष्ठ जनस्वास्थ्यविज्ञ डा. शम्भुप्रसाद आचार्यको संयोजकत्वमा मन्त्री पौडेलले स्वास्थ्य बिमा सुधार गर्न नौ सदस्यीय समिति गठन गरेका थिए । प्रतिवेदनका संयोजक आचार्यले प्रतिवेदनले स्वास्थ्य बिमा देखिएका अवसर र चुनौती केलाइएको प्रतिक्रिया दिए । उनले भने, 'स्वास्थ्य बिमा ठूलो कार्यक्रम हो । यसको प्रभावकारी सञ्चालनका लागि प्रतिवेदनमा तत्काल तथा भविष्यमा गर्नुपर्ने सुधारका प्रयास समेटिएको छ ।'

उनले स्वास्थ्य बिमा लागू भएका छिमेकी देश र अन्तर्राष्ट्रिय स्वास्थ्य बिमा प्रणालीका अभ्यास अध्ययन गरेर सुझावसहितको प्रतिवेदन तयार पारिएको जानकारी गराए । समितिमा गण्डकी प्रदेशका नीति तथा योजना आयोगका पूर्वउपाध्यक्ष डा. रघुराज काफ्ले, वरिष्ठ मुटु शल्यचिकित्सक प्रा.डा. भगवान् कोइरालासहित अर्थ मन्त्रालय, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र राष्ट्रिय योजना आयोगका सहसचिव सदस्य रहेका छन् । त्यसैगरी स्वास्थ्य बिमा बोर्डका कार्यकारी निर्देशक, मन्त्रालयका गुणस्तर मापन तथा नियमन महाशाखा प्रमुख तथा निजी क्षेत्रका प्रतिनिधिलाई समिति सदस्य तोकिएको थियो ।

# सम्पदा क्षेत्रलाई 'स्मार्ट सांस्कृतिक पर्यटन'को रूपमा विकास गर्दै काठमाडौं महानगर

■ प्रभाव संवाददाता




**काठमाडौं–** काठमाडौं महानगरपालिकाले सम्पदा क्षेत्रलाई एआर (अग्मेन्टेड रियालिटी), भिआर (भर्चुअल रियालिटी), क्युआर (क्विक रेस्पोन्स) मा आधारित स्मार्ट सांस्कृतिक पर्यटनमा विकास गर्ने उद्देश्यले सामग्री उत्पादन गर्न थालेको छ ।

महानगरको सम्पदा तथा पर्यटन विभागले 'बाखं न्यने वा'सँगको सहकार्यमा सामग्री उत्पादन थालेको हो । वसन्तपुर, स्वयम्भू, पशुपतिनाथ, बौद्ध र नरः दे (हाँडीगाउँ)का सम्पदाका सांस्कृतिक ऐतिहासिक र पुरातात्त्विक महत्त्व तथा यस क्षेत्रसँग सम्बन्धित सांस्कृतिक र सामाजिक चालचलनसम्बन्धी सामग्री उत्पादन भइरहेका छन् । सामग्रीको आधिकारिकताका पुष्टि गर्न इतिहास र लिपिको अध्ययन, पुराना व्यक्तित्वहरूसँग अन्तर्वार्ता लिइसकेको कामपा सम्पदा तथा पर्यटन समितिका संयोजक आशामान संगतले जानकारी दिए ।

महानगरले चालु आर्थिक वर्षका नीतिमा हनुमानढोका दरबार क्षेत्रदेखि स्वयम्भूसम्मको सम्पदा मार्गलाई प्रवर्द्धन गर्ने, वसन्तपुर, स्वयम्भू, बौद्ध, पशुपतिनाथ र वसन्तपुरलाई सम्पदा मार्गका रूपमा विकास गर्ने, यी स्थानहरूको प्रवर्द्धनका लागि रणनीतिक, व्यावसायिक र पर्यटकीय मार्ग पहिचान र नक्सांकन गर्ने उल्लेख छ । यही नीति कार्यान्वयन गर्ने क्रममा थालिएको कार्यक्रममा पर्यटकलाई प्रदर्शन गरिने अडियो, भिडियो तथा दृश्यात्मक सामग्री उत्पादन गर्ने क्रममा स्वयम्भू क्षेत्रमा १८८ वटा, हनुमान ढोका दरबार क्षेत्रमा ४१ वटा, बौद्ध क्षेत्रमा सातवटा, हाँडीगाउँ क्षेत्रमा २० वटा पशुपति क्षेत्रका ५६ वटा स्मारकको अध्ययन गरिसकेको महानगरले जनाएको छ ।

संगतले भने, 'तर गलत सूचना भयो भने यो सुधार गर्न पनि सकिँदैन र छुट दिन पनि सकिँदैन ।' उनले सामग्रीको आधिकारिता र पुस्टयाइँका विषयमा कुरा गर्दै काठमाडौंको प्राचीनता, मौलिकतासँग जोडिएका सामाजिक र सांस्कृतिक परम्परागत सामग्रीको मर्म रहेको बताए ।

'यसरी उत्पादित सामग्रीहरू दिगो उपयोगका लागि हुन् । यसका लागि अध्ययन गर्ने, प्रारम्भिक सूचना तथा प्रशोधित सूचनामा काम गर्ने, प्राप्त सूचनालाई आधिकारिकता प्रदान गर्ने संयन्त्र निर्माण गरौं,' समितिका सदस्य एवं वडा नं १८ का अध्यक्ष न्हुच्छेकाजी महर्जनले भने, 'यो हतारमा सक्ने काम होइन । सहभागिता र सहकार्यलाई निरन्तरता दिएर काम गरौं ।'

स्मार्ट पर्यटनका लागि महानगर स्वर्णिम योजना 'पर्यटकीय सहर' कार्यक्रमअन्तर्गत प्रयोगकर्ता (पर्यटक) को आवश्यकता पहिचान र बजार सर्वेक्षण अध्ययन गरिएको थियो । ठमेल, वसन्तपुर, पशुपतिनाथ, बौद्ध र स्वयम्भूमा भेटिएका २९ देशका १२५ पर्यटकले सर्वेक्षणमा भाग लिएका थिए ।


## सार्वजनिक सुनवाई कार्यक्रम सम्बन्धी सूचना !!!

उपरोक्त सम्बन्धमा बागमती प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालय, पूर्वाधार विकास कार्यालय ललितपुरद्वारा प्रस्तावित काठमाण्डौ जिल्ला शंखरापुर नगरपालिका वडा नं. १ र २ हुँदै सिन्धुपाल्चोकसँग जोड्ने सडक (**नाङ्ले-पटाप-सिन्धुपाल्चोक सडक**), **जम्मा लम्बाई ८.६७ कि.मी.**, स्तरोन्नोति कार्यको **संक्षिप्त वातावरणीय अध्ययन** प्रतिवेदन तयारी गर्ने क्रममा प्रस्तावित क्षेत्रमा पर्ने श्री शारदा मा.वि.को प्राङ्गणमा मिति २०८१/०९/२४ गते बुधबारको दिन दिनको १२:३० बजे सरोकारवालाहरुको उपस्थितिमा सार्वजनिक सुनुवाई कार्यक्रम हुन गइरहेको हुँदा उपस्थितिको लागि हार्दिक अनुरोध छ ।

## वैदेशिक रोजगार विभागको सार्वजनिक सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त तपसिल बमोजिमका श्री **Supreme Overseas Pvt.Ltd.** (ई.प.नं.३०१/०५९/०६०)को सञ्चालक/शेयरधनीले आफ्नो नाममा कायम रहेको शेयरहरू दा.खा. नामसारी गरी पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिंदा कोही कसैको हक स्वामित्व तथा लेनादेनामा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (**पन्ध्र**) दिनभित्र सवुद प्रमाण सहित **बैदेशिक रोजगार विभागमा** सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपसिल**

| साविक शेयरधनीको नाम/ शेयर संख्या | अब कायम हुने शेयरधनीहरुको नाम/ शेयर संख्या |
|---|---|
| १. श्री प्रदिप शंकर (०१-६०००) | १. श्री प्रदिप शंकर (०१-६०००) |
| २. श्री हरी बहादुर श्रेष्ठ (७५०१-१३५००) | २. श्री शरद राज वैद्य (७५०१-१३५००) |
| ३. श्री लक्ष्मी प्रजापति (१३५०१-१९५००) | ३. श्री लक्ष्मी प्रजापति (१३५०१-१९५००) |
| ४. श्री बाबुराम खडका (६००१-७५००) (१९५०१-३००००) | ४. श्री बाबुराम खडका (६००१-७५००) (१९५०१-३००००) |

## गोल्डेन गेट बहुउद्देश्यीय सहकारी संस्था लि.

ललितपुर-१५, सातदोबाटो

### १४ औं बार्षिक साधारण सभा बस्ने बारेको सूचना

यस संस्थाको मिति २०८१/०९/११ गते, बिहिबार बसेको संचालक समितिको बैठकको निर्णयानुसार संस्थाको १४ औं बार्षिक साधारण सभा देहायको मिति, स्थान र समयमा देहायका प्रस्तावहरु उपर छलफल गरी निर्णय तथा पारित गर्ने गरी बस्ने भएकोले यस संस्थाका सम्पूर्ण आदरणीय सदस्यज्यूहरुलाई उक्त सभामा अनिवार्य उपस्थितिको लागि यसै सूचना मार्फत हार्दिक अनुरोध गरिन्छ ।

**स्थान, मिति र समय**
स्थान : संस्थाको कार्यालय, सातदोबाटो-१५, ललितपुर
मिति : २०८०/०९/२९ गते, सोमवार
समय : बिहान ८:०० बजे

**तेह्रौं वार्षिक साधारण सभामा छलफल गरी निर्णय तथा पारित गरिएका प्रस्तावहरु :**
(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु हुने क्रमशः आ.ब. २०८०/०८१ को वार्षिक प्रतिवेदन र आ.व. ०८१/०८२ को लागि तय गरिएका बार्षिक नीति तथा कार्यक्रम एवं बजेट र अन्य व्यवस्थाहरु उपर छलफल गरी पारित गर्ने ।
(२) लेखा सुपरिबेक्षण समितिको तर्फबाट आ.ब. २०८०/०८१ को बार्षिक प्रतिवेदन पारित गर्ने ।
(३) लेखा परीक्षकले संस्थाको लेखा परीक्षण प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
(४) चालु आ.व. २०८१/०८२ को लेखा परीक्षण गर्न लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने ।
(५) साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्न हस्ताक्षर गर्नको लागी शेयर सदस्यहरुबाट प्रतिनिधिहरु चयन गर्ने सम्बन्धमा ।
(६) संचालक समितिले गरेका निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा ।
(७) विविध सम्बन्धमा :

संचालक समितीको आज्ञाले
विजय श्रेष्ठ
अध्यक्ष

## साउदीमा रोजगार

कम्पनी : ASEEL AL-HADD ENTERTAINMENT COMPANY
पूर्व स्वीकृति मिति : २०८१/०५/२५ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/१९ | LT. No. 310451 | चलानी नं.६०२२५०८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 15 | 0 | 1200 | ४४,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : ARABIAN THERMAL AIRE INDUSTRIES CO.LTD
पूर्व स्वीकृति मिति : २०८१/०९/१८ | LT. No. 316547 | चलानी नं.६०२३०६०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 12 | 0 | 1000 | ३६,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष २७ गते (11th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

License No.: 333/059/60
SUHASHA LINK PVT. LTD.
Samakhusi-14, Tokha, Kathmandu, Nepal, Tel: 01 4982668, 4962338
Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com,

## साउदीमा रोजगार

कम्पनी : INDUSTRIAL FABRICATION FACTORY
पूर्व स्वीकृति मिति : २०८१/०९/१९ | LT. No. 316574 | चलानी नं. ६०२३०७४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Driver | 1 | 0 | 1500 | ५५,१५७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Manufacturing Worker | 6 | 0 | 1000 | ३६,७७१ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष २७ गते (11th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MASHAREQ INTERNATIONAL OVERSEAS PVT.LTD
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4599763, 458335, 985-1018169
Email: mashareqoverseas@gmail.com, Website: www.mashareqoverseas.com.np
श्रम ईजाजत नं. ४१५/०६०/६१

नेपाल सरकार
सहरी विकास मन्त्रालय
कोहलपुर नगर विकास समिति
योजना कार्यालय,
कोहलपुर, बाँके

## घडेरी बिक्रीको बोलपत्र आव्हानको सूचना

प्रकाशित मिति :- २०८१/०९/२०

यस कोहलपुर नगर विकास समितिको स्वामित्वमा रहेको दोश्रो चरणका व्यापारिक तथा आवासीय केही महत्वपूर्ण घडेरी प्लटहरु समितिको न्यूनतम् मूल्यमा नघट्ने गरी बिक्री वितरण गरिने भएकोले इच्छुक खरिदकर्ताहरुबाट देहायको शर्तहरु पालना गर्ने गरी रीतपूर्वकको प्रस्ताव पेश गर्नु हुने सिलबन्दी बोलपत्र आब्हान गरिएको छ ।

**शर्तहरू :**

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन भित्र निवेदन साथ नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी संलग्न राखी प्रति प्लटको लागि रू. ३,०००।- (अक्षरुपी तीन हजार मात्र) फिर्ता नहुने गरी बुझाई समितिको कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ । सूचना प्रकाशित मितिले ३१ औं दिन दिनको १२:०० बजे सम्म बोलपत्र फाराम समितिको कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ । दर्ता भएका बोलपत्रहरु सोही दिन दिनको २:०० बजे यस समितिको कार्यालयमा प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । बोलपत्रदाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्नेछैन ।

२. बोलपत्र खरिद गर्ने र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो कार्यहरु त्यस पछि लगत्तै कार्यालय खुलेको दिनमा क्रमशः हुनेछ ।

३. बोलपत्रदाताले खरिद गर्न चाहेको घडेरीको प्लट नं.उल्लेख गरी आफूले सकार गरेको मूल्य अंक र अक्षर दुवैमा प्रष्ट संग लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएको ठाँउमा अनिवार्य सहीछाप गरेको हुनुपर्नेछ ।

४. बोलपत्र साथ आफुले खरिद गर्न चाहेको घडेरीको कबोल अंकको न्यूनतम १० प्रतिशतले हुने धरौटी रकम यस समितिको कृषि विकास बैंक कोहलपुर शाखा स्थित (च.हि.नं.०७२०५००३६४००३०२१ (धरौटी खाता) मा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न राखी पेश गर्नुपर्नेछ ।

५. बोलपत्र स्वीकृत भएको सूचना यस समितिको सूचना पाटीमा टांस गरिनेछ । साथै राष्ट्रिय दैनिक पत्रिकामा समेत प्रकाशित हुनेछ ।

६. लट खरिदको लागि छनौट भएका व्यक्तिहरुले बांकी ९० प्रतिशत रकम बोलपत्र स्वीकृत भई सूचना प्रकाशित मितिले ६ महिना भित्र तोकिएको बैंक खातामा जम्मा गरी सोको सक्कलै बैंक भौचर यस समितिमा पेश गर्नुपर्नेछ । तोकिएको समयमा मूल्य नबुझाएमा बोलपत्र साथ राखेको धरौटी जफत हुनेछ र पछि प्लट दावी गर्न पाइने छैन ।

७. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । अधिकतम् मूल्यांकित स्वीकृत बोलपत्रदाताले सम्झौता नगरेमा पुनः सूचना प्रकाशन गरिनेछ ।

८. प्रत्येक प्लटको लागि छुट्टा-छुट्टै बोलपत्र फाराम पेश गर्नुपर्ने छ ।

९. यस सूचनामा उल्लेख नभएका अन्य कुराहरु प्रचलित ऐन नियमानुसार हुनेछ ।

१०.घडेरीका प्लटहरु सहितको नक्सा एवं अन्य विषय समेत कार्यालयको वेबसाईट www.ktdc.gov.np बाट जानकारी लिन सकिनेछ ।

११.अन्य कुराहरु बुझ्नु परेमा समितिको कार्यालयमा वा फोन नं.०८१-५४०११२/०८१-५४०४११ मा सम्पर्क गर्न सकिने छ ।

**तपसिल**

| सि.नं. | चरण | प्लट नं. | बाटोको चौ. | क्षेत्रफल (ब.मी.) | न्यूनतम मूल्य | सि.नं. | चरण | प्लट नं. | बाटोको चौ. | क्षेत्रफल (ब.मी.) | न्यूनतम मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | दोश्रो | १८२ | ८ | ३३४.४४ | १,२५,५०,०००.०० | १६ | दोश्रो | ४१० | ८ | १६२ | ५६,००,०००.०० | |
| २ | दोश्रो | १८३ | ८ | ३३४.५६ | १,२६,००,०००.०० | १७ | दोश्रो | ४११ | ८ | १६२ | ५५,००,०००.०० | |
| ३ | दोश्रो | १८४ | ८ | ३४६.७ | १,२६,००,०००.०० | १८ | दोश्रो | ४१२ | ८ | १६२ | ५४,५०,०००.०० | |
| ४ | दोश्रो | १८५ | ८ | ३३२.८८ | १,२५,५०,०००.०० | १९ | दोश्रो | ४१३ | ८ | १६२ | ५४,००,०००.०० | |
| ५ | दोश्रो | ३२६ | ८ | ३३८ | १,२६,५०,०००.०० | २० | तेश्रो | १ | १२ | १२७ | १,६०,००,०००.०० | |
| ६ | दोश्रो | ३२९ | ८ | ३३८ | १,२६,५०,०००.०० | २१ | तेश्रो | ३ | १२ | १२७ | १,५०,००,०००.०० | |
| ७ | दोश्रो | ३३० | ८ | ३३८ | १,२६,५०,०००.०० | २२ | तेश्रो | ४४ | १२ | १५२ | १,२०,००,०००.०० | |
| ८ | दोश्रो | ३३४ | ८ | ३३८ | १,२६,५०,०००.०० | २३ | तेश्रो | ४६ | १२ | १६६ | १,७०,००,०००.०० | |
| ९ | दोश्रो | ३३७ | ८ | ३३८ | १,२६,७५,०००.०० | २४ | तेश्रो | १४ | १० | १६० | १,७०,००,०००.०० | |
| १० | दोश्रो | ४१९ | १६ | १६२ | ६५,००,०००.०० | २५ | तेश्रो | १७ | १० | १६० | ५५,००,०००.०० | |
| ११ | दोश्रो | १६६ | १६ | १६२ | ६३,५०,०००.०० | २६ | तेश्रो | १८ | १० | १६० | ५५,००,०००.०० | |
| १२ | दोश्रो | १६७ | ८ | १६२ | ६६,००,०००.०० | २७ | तेश्रो | २१ | १० | १६० | ५५,००,०००.०० | |
| १३ | दोश्रो | १६८ | ८ | १६२ | ५६,००,०००.०० | २८ | तेश्रो | २२ | १० | १६० | ५५,००,०००.०० | |
| १४ | दोश्रो | १६९ | ८ | १६२ | ५५,००,०००.०० | २९ | तेश्रो | ३१ | १२ | ११८ | २,१५,००,०००.०० | |
| १५ | दोश्रो | १७० | ८ | १६२ | ५४,००,०००.०० | - | - | - | - | - | - | |

सदस्य-सचिव




# बुर्तिबाङ अस्पताल
## झुपडीदेखि ५० शय्याको अस्पतालसम्म

स्थानीय र सरोकारवाला निकायको लामो प्रयासपछि प्राथमिक स्वास्थ्य केन्द्रलाई प्रदेशस्तरीय अस्पताल बनाए पनि जनशक्ति र आवश्यक उपकरण व्यवस्थापन गर्न बाँकी छ । अहिले प्राथमिक स्वास्थ्य केन्द्रमा रहेका कर्मचारीले नै सेवा दिइरहेको बुर्तिबाङ अस्पतालका प्रमुख नवीन्द्र ढकालले जानकारी दिए । ढकालका अनुसार हाल ४७ जना कार्यरत रहेका छन् ।

**डम्मर बुढामगर / बागलुङ**

निसी, भुजी र तमानखोलाको संगममा छ बुर्तिबाङ बजार । जिल्ला सदरमुकामदेखि ९० किलोमिटर पश्चिममा रहेको यस बजारमा बिस्तारै विकासले गति लिन थालेको छ । जिल्लाकै दोस्रो र पश्चिम बागलुङको सबैभन्दा ठूलो व्यापारिक केन्द्रका रूपमा रहेको बुर्तिबाङ क्षेत्रमा अहिलेसम्म सुविधायुक्त अस्पताल थिएन । सुविधायुक्त अस्पताल नहुँदा पश्चिम बागलुङका हजारौं नागरिक बागलुङ, पाल्पा, पोखरा र काठमाडौं पुगेर उपचार गराउँदै आएका थिए ।

केही वर्षयता बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रबाट पनि विशेषज्ञ सेवा प्रदान हुँदै आएपछि केही सहज भएको छ । प्राथमिक स्वास्थ्य केन्द्रमा राम्रो सेवा पाउन नसक्दा पश्चिम क्षेत्रका नागरिकले सामान्य उपचारका लागि लाखौं खर्च गरेर देशका ठूला सहरमा रहेका अस्पतालमा पुग्नुपर्ने बाध्यता थियो । पश्चिम बागलुङका नागरिकका लागि लक्षित बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रलाई जिल्ला अस्पतालका रूपमा स्तरोन्नति गर्नका लागि २०६४ साउन १५ गते स्वास्थ्य मन्त्रालयले निर्णय गरे पनि कार्यान्वयन हुन सकेको थिएन । अहिले बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्र जिल्ला अस्पताल नभई प्रदेशस्तरीय नै बनेको छ ।

गण्डकी प्रदेश सरकारको सिफारिसमा संघीय सरकारले बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रलाई प्रदेशस्तरीय ५० शयचाको अस्पताल बनाएको छ । ३२ करोड रूपैयाँ लागतमा जिल्ला अस्पताल सञ्चालन गर्नका लागि बनेको संरचनामा अहिले प्रदेश अस्पताल सुरु गरिएको हो । अहिलेसम्म उक्त संरचनामा बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्र सञ्चालनमा थियो । संरचना बनेको साढे एक दशकभन्दा बढी समयपछि बुर्तिबाङमा ५० शयचाको अस्पताल बनेसँगै पश्चिम बागलुङवासीमा खुसी छाएको छ । प्रदेश सरकारले प्राथमिक स्वास्थ्य केन्द्रलाई एकै पटक प्रदेशयस्तरीय अस्पतालमा स्तरोन्नति गरेसँगै जनशक्ति र उपकरण व्यवस्थापन गर्नुपर्ने आवश्यकता छ ।

स्थानीय र सरोकारवाला निकायको लामो प्रयासपछि प्राथमिक स्वास्थ्य केन्द्रलाई प्रदेशस्तरीय अस्पताल बनाए पनि जनशक्ति र आवश्यक उपकरण व्यवस्थापन गर्न बाँकी छ । अहिले प्राथमिक स्वास्थ्य केन्द्रमा रहेका कर्मचारीले नै सेवा दिइरहेको बुर्तिबाङ अस्पतालका प्रमुख नवीन्द्र ढकालले जानकारी दिए । ढकालका अनुसार हाल ४७ जना कार्यरत रहेका छन् ।

ढोरपाटन नगरपालिकाले करार सेवामा २२, स्वास्थ्य केन्द्र व्यवस्थापन समितिबाट छ र निकसाइमन इनिस्टिच्युट संस्थाबाट छजना कर्मचारीबाटै काम हुँदै आएको छ । गण्डकी प्रदेश सरकारको नीतिअनुसार प्रदेशस्तरीय अस्पताल सञ्चालनका लागि अब नौ विशेषज्ञ डाक्टर, आठ मेडिकल अधिकृतसहित ६९ कर्मचारी आवश्यक पर्ने उनको भनाइ छ । अहिले एक बालरोग विशेषज्ञ, एक एमडिजिपी विशेषज्ञ, तीन मेडिकल अधिकृत, तीन स्टाफ नर्स, चार हेल्थ असिस्टेन्ट, चार अहेब, पाँच अनमी र नौ कार्यालय सहयोगीलगायत कर्मचारीले सेवा दिइएको प्रमुख ढकालले बताए ।

हाल स्वास्थ्य केन्द्रबाट चौबिसै घण्टा आकस्मिक, बहिरंग, शल्यक्रियाद्वारा प्रसूति सेवा, सामान्य शल्यक्रिया, बालरोग विशेषज्ञ सेवा, जनरल फिजिसियन विशेषज्ञ सेवा, अत्याधुनिक प्रयोगशाला सेवा, जिनएक्पट सेवा, दन्त, आँखा उपचार सेवालगायतको सेवा दिँदै आएको उनको भनाइ छ । प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तरोन्नति गरी ५० शयचाको प्रदेशस्तरीय अस्पताल सञ्चालन गर्न अब दक्ष जनशक्ति र उपकरण व्यवस्थापन भए सहजरूपमा नागरिकलाई प्रभावकारी सेवा दिन सकिने ढकालले बताए ।

'प्रदेशस्तरीय अस्पताल घोषणा भएपछि यस क्षेत्रका नागरिकहरूमा खुसी छाएको छ, पहिले बनेको संरचना पर्याप्त भएको हुँदा तत्कालका लागि थप संरचनाको आवश्यक छैन, अब प्रदेशले आकस्मिकदेखि सबै वडामा जनशक्ति र उपकरण व्यवस्थापन गरे हुन्छ,' प्रमुख ढकालले भने, 'हामीहरूले प्राथमिक स्वास्थ्य केन्द्र भए पनि २५ शयचासम्मको सेवा दिँदै आएका थियौं, उपकरण र डाक्टर नहुँदा धेरै बिरामी अन्यत्र पठाउन बाध्य थियौं, अब त्यो समस्या समाधान भएको छ ।'

बुर्तिबाङ स्वास्थ्य केन्द्रमा वार्षिक करिब ६०० महिला प्रसूति हुने गरेका छन् । दैनिक ३०० जनालाई बहिरंग र ३० जनालाई आकस्मिक सेवा दिँदै आइएको प्राथमिक स्वास्थ्य केन्द्र प्रदेशस्तरीय अस्पताल सञ्चालनमा आएपछि बिरामी बढ्न थालेका हुन् । अस्पताल व्यवस्थापनका अनुसार १४ रोपनी नौ आना जग्गामा तीन ब्लकसहित ४८ कोठासहितका भवन र एक आवासीय भवन रहेका छन् ।

छ दशकअघि साबिक बुर्तिबाङ गाविसअन्तर्गतका स्थापना भएको स्वास्थ्य संस्था अहिले प्रदेश अस्पतालका रूपमा विकास भएको छ । यस संस्था २०३५ सालमा उपस्वास्थ्य चौकी, २०४२ सालमा स्वास्थ्यचौकी, २०४८ सालमा सामुदायिक स्वास्थ्य केन्द्र र २०५२ सालमा प्राथमिक स्वास्थ्य केन्द्रका रूपमा स्तरोन्नति भएको थियो । वि.सं. २०६४ मा जिल्ला अस्पतालका रूपमा स्तरोन्नति गर्नका लागि ३२ करोड रूपैयाँ लागतमा भौतिक पूर्वाधार निर्माण थालिएकामा लामो समयदेख स्तरोन्नति हुन सकेको थिएन ।

गण्डकी प्रदेश सरकारले संघीय सरकारको अनुमतिमा चालु आवमा अस्पताल स्तरोन्नति गर्नका लागि १२ करोड रूपैयाँ बजेट विनियोजन गरेको थियो । गण्डकी प्रदेश सरकारले आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रममा बागलुङको पश्चिम क्षेत्रका जनतालाई सेवा प्रदान गर्दै आइरहेको बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रलाई ५० शयचाको प्रादेशिक अस्पतालका रूपमा सञ्चालनमा ल्याइने घोषणाअनुरूप अस्पताल स्तरोन्नति गरिएको हो । यही पुस १२ गते गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले अस्पतालको उद्घाटन गरेका थिए ।

कुँवरले विशेषज्ञ चिकित्सकसहित अन्य मेडिकल अधिकृत र उपकरण ल्याउनका लागि प्रदेश सरकार निरन्तर लागिरहेको गण्डकी प्रदेशसभा सदस्य द्रोणकुमार कुँवरले बताए । उनले भने, 'बुर्तिबाङ अस्पताल पश्चिम बागलुङका नागरिकका लागि वरदान सावित हुने छ, यहाँ सुविधायुक्त अस्पताल नहुँदा दूरदराजका नागरिकले अकालमा ज्यान गुमाउनुपर्ने अवस्था दोहोरिने छैन ।' स्थानीय तुलसीकुमारी क्षेत्रीले बुर्तिबाङमा शल्यक्रिया गर्नुपर्ने बिरामीले उपचार नहुँदा लाखौं रूपैयाँ खर्च गरेर ठूला सहरमा पुऱ्याउने गरेको स्मरण गरिन् । घर नजिक प्रादेशिक अस्पताल सञ्चालनमा आएपछि खुसी लागेको भन्दै अब बिरामीहरू टाढा जानु नपर्ने उनको भनाइ छ ।

ढोरपाटन नगरपालिकाका उपप्रमुख धनबहादुर कायत (कल्याण) ले प्रादेशिक अस्पतालमा स्तरोन्नति भएपछि प्रभावकारी सेवा प्रवाह हुने बताए । अस्पतालको संरक्षण संवर्द्धनमा ढोरपाटन नगरपालिका निरन्तर लागिरहेको उनको भनाइ छ । मध्यपहाडी लोकमार्ग छेउमै रहेको बुर्तिबाङ बजारमा रहेको यस अस्पतालमा पश्चिम बागलुङको छ पालिकासहित रोल्पा, रुकुम, गुल्मी, प्यूठानका हजारौं नागरिकले स्वास्थ्य सेवा लिन सहज हुने भएको छ । अहिले पनि गुल्मीसहितका छिमेकी जिल्लाका नागरिकले सेवा लिन आउने गरेका छन् । *रासस*

# हिमाललाई नजिकबाट नियाल्ने गन्तव्य कपुचे ताल

**वासुदेव पौडेल / गण्डकी**

आँखै अगाडि ड्वाङड्वाङ आवाजसहित हिउँपहिरो झर्ने कास्कीको मादी गाउँपालिका वडा नं १ स्थित कपुचे ताल नजिकबाट हिमाललाई नियाल्न सकिने गन्तव्यका रूपमा विकास भएको छ ।

अन्नपूर्ण दोस्रो र चौथो हिमालको बीचबाट कुनै समयमा हिमपहिरो बनेको अनुमान गरिने यस ताल समुद्री सतहबाट जम्मा दुई हजार ४२१ मिटर उचाइमा रहेको छ । कूल १० हजार ४४० वर्गमिटर क्षेत्रफलमा फैलिएको कपुचेलाई विश्वकै कम उचाइमा भएको हिमतालका रूपमा दाबी गरिएको मादी गाउँपालिका वडा नं १ का वडाध्यक्ष देवीजंग गुरुङले बताए ।

आँखै अगाडि हिमाल, हिमपहिरोका साथै हरियो र निलो मिश्रित रङको तालको पानीमा घामका किरणहरू पर्दाको मनोरम दृश्य नै यहाँको प्रमुख आकर्षण हो । कपुचे हिमताललाई स्थानीय गुरुङ भाषामा क्हफुचे भनिने बताउँदै वडाध्यक्ष गुरुङले 'क्ह'को अर्थ हिउँ, 'फु'को अर्थ डल्लो र 'चे'को अर्थ समथर भूभाग भन्ने रहेको बताए । क्हफुचेबाट अपभ्रंस हुँदै यस ताललाई कपुचे, कफुचे आदिका रूपमा लिने गरिएको उनले जानकारी दिए । बजारदेखि नजिकको हिमताल कपुचेको शान्त वातावरणसँगै वर्षात्‌को समयमा यहाँ फूल्ने विभिन्न प्रजातिका रंगी, विरंगी फूलहरूले फूलेर वनपाखा मनमोहक देखिन्छन् ।

पर्यटकीय गाउँ सिक्लेसदेखि हुगु हुँदै छ घण्टा पैदलयात्रा गरेपछि कपुचे पुग्न सकिन्छ । बाटोमा पर्ने इदी झरना मनमोहक र आकर्षक छ । पर्यटकको सुविधाका लागि कपुचे र हुगुमा रेस्टुराँ र अस्थायी संरचनाका होटल बनिसकेका छन् । परम्परागतरूपमा यसअघि बनेका कतिपय भेडीगोठलाई स्तरोन्नति गर्दै पर्यटकस्तरीय होटलका रूपमा विकास गर्न खोजिएको देखिन्छ ।

काठले बारेका घरमा निगालोको चोयाले बनेका चित्राले छाएका घरमा पर्यटकलाई बास बस्ने व्यवस्था मिलाएको सिक्लेस-कफुचे मार्गस्थित हुगुमा होटेल आइसफल चलाउँदै आएका पर्यटन व्यवसायी कृष्ण गुरुङले बताए । जंगलको बीच र मादी नदीको किनारमा रहेको हुगु यस क्षेत्रमा प्राचीन गोठहरू भएको क्षेत्र हो । अहिले प्राचीन गोठहरू हराउँदै गए पनि तिनै गोठहरू रहेका स्थानमा पर्यटक लक्षित गरी होटललगायतका पूर्वाधार विकास गर्न खोजिएको उनले बताए । हुगुका होटलको आँगनबाट टाउको ठडाउनेबित्तिकै लमजुङ हिमाललाई आँखै अगाडि देख्न सकिन्छ ।

पछिल्ला समयमा हिमताल र हिमपहिरो अवलोकनका लागि स्वदेशी तथा विदेशी पर्यटकको प्रमुख गन्तव्य बन्दै गएको कपुचे हिमतालसम्म पुग्नका लागि बाटोलगायत पूर्वाधारलाई राज्यले प्राथमिकता दिनुपर्ने उनको भनाइ छ । सिक्लेसदेखि सीधै कपुचे पुगेर त्यही बास बसेर भोलिपल्ट फर्किन सक्ने अथवा फर्किएर हुगुमा आएर बास बस्ने दुवै विकल्प छन् । हुगुमा परापूर्वकालमा हिउँदमा सिक्लेसवासीको गाईभैंसी र भेडागोठ राख्ने चलन थियो । हुगुदेखि सिक्लेस फर्कन र नौटा हुँदै अर्को गन्तव्य कोरी पुग्न सकिन्छ ।

पर्यटकीय नगरी पोखराबाट नजिकै रहेको कला संस्कृतिले भरिपूर्ण गुरुङ गाउँ सिक्लेसबाट एक दिनको पदयात्रामा पुग्न सकिने भएका



आँखै अगाडि हिमाल, हिमपहिरोका साथै हरियो र निलो मिश्रित रङको तालको पानीमा घामका किरणहरु पर्दाको मनोरम दृश्य नै यहाँको प्रमुख आकर्षण हो । कपुचे हिमताललाई स्थानीय गुरूङ भाषामा क्हफुचे भनिन्छ । 'क्ह'को अर्थ हिउँ, 'फु'को अर्थ डल्लो र 'चे'को अर्थ समथर भूभाग भन्ने बुझाउँदछ । क्हफुचेबाट अपभ्रंस हुँदै यस ताललाई कपुचे, कफुचे आदिका रुपमा लिने गरिएको बताइन्छ ।

कारण पनि यो पछिल्लो समय चासो र चर्चामा छ । तालको महिमा र गरिमालाई स्वदेशी एवं विदेशी पर्यटकमाझ पुऱ्याउँदै यसको प्रवर्द्धन गर्ने लक्ष्यका साथ मादी गाउँपालिकाले यसको प्रवर्द्धनलाई जोड दिएको मादी-१ का वडाध्यक्ष गुरुङले बताए । सिक्लेसबाट कपुचेसम्म पुग्ने पैदलमार्गलाई व्यवस्थित गर्नेतर्फ आफूहरूको चासो र सक्रियता बढेको बताउँदै उनले यसबीचमा गाउँपालिकासहित अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप), राष्ट्रिय ताल प्राधिकरण, गण्डकी प्रदेश सरकार आदि निकायबाट तालको पूर्वाधार विकाससँगै तालसम्म जाने बाटो आदिका लागि सहयोग प्राप्त भई केही कामहरू अघि बढेको जानकारी दिए ।

वडाध्यक्ष गुरुङका अनुसार हराउँदै गएको घोडचढी संस्कृतिको जगेर्नालाई लक्षित गरी गाउँपालिकाले सिक्लेसबाट कपुचेसम्मका लागि अनुदानमा ५० वटा घोडा खरिद गर्ने गरी कार्यक्रम अघि सारेको भए पनि त्यसतर्फ युवाहरूको आकर्षण देखिएन ।

ताल कहिले बन्यो भन्ने यकीन तथ्य नभए पनि उक्त क्षेत्रमा पहिले पहिले विभिन्न भेडी गोठ रहे पनि अहिले भने छैनन् । सिक्लेस-कपुचे मार्गमा पर्ने हुँगु र कपुचे दुवै स्थान प्राचीन भेडी गोठ रहने क्षेत्र हो । कपुचेको यात्राका क्रममा सिक्लेसबाट राम्रो हिँड्न सक्नेहरू लगभग साढे तीन घण्टामा हुगु पुग्न सक्छन् । हिँड्न नसक्नेका लागि भने चारदेखि पाँच घण्टासम्म लाग्ने गर्दछ । हुगु पुगेका पर्यटक हिँड्न सक्ने एक घण्टामा कफुचे पुगे पनि नसक्नेका लागि डेढ दुई घण्टासम्म लाग्ने गर्दछ ।

पोखराबाट छोटो दूरीमा रहेको कपुचेलाई समेटेर सिक्लेसहुँदै कपुचे-कोरी क्होलासोथार-कर्पु हुँदै याङजाकोटलाई गुरुङ सम्पदा पदमार्गअन्तर्गत समेट्दै प्रवर्द्धनका काम अघि बढाइएको गुरुङ पर्यटन व्यवसायी संघ गण्डकी प्रदेशका संस्थापक अध्यक्ष बोबरजंग गुरुङले बताए । संघले प्राचीन गुरुङ बस्ती रहेको सिक्लेससहित गुरुङ गाउँ र जोडिएका प्राचीन भेडीगोठ एवं नुन बोक्ने मार्गलाई समेटेर बृहत् अवधारणका साथै गुरुङ सम्पदा पदमार्गको अनुसन्धान, एवं अन्वेषण गरी त्यसको प्रवर्द्धन र विकासमा जोड दिएको उनले बताए ।

संघकै आयोजनामा पुसको दोस्रो हप्ता सिक्लेसबाट कपुचे, कोरी, क्होलासोथार, कर्पु हुँदै याङ्जाकोटसम्मको गुरुङ सम्पदा पदमार्ग प्रवर्द्धन सम्पन्न गरिएको संघका महासचिव तुल गुरुङले बताए । पोखराबाट नजिक रहेको कपुचे हिमतालको महिमा र गरिमासँगै यहाँको पर्यटकीय आकर्षणलाई विश्व पर्यटन बजारमा पुऱ्याउनु जरुरी रहेको उनले बताए । *रासस*

### 'हारे हारे'मा साम्राज्ञी र विशालको रोमान्स

अभिनेत्री साम्राज्ञी राज्य लक्ष्मी शाह अभिनीत म्युजिक भिडियो 'हारे हारे' सार्वजनिक गरिएको छ । भिडियो अभिनयमा साम्राज्ञीलाई अभिनयमा विशाल खरेलले साथ दिएका छन् । 'नेपाल आइडल सिजन २' बाट चर्चामा आएका सुमित पाठक र ममता गुरूङको स्वर रहेको गीतको म्युजिक भिडियो एलए स्टुडियो इन्टरटेनमेन्टको ब्यानरमा निर्माण भएको हो । सञ्जय न्यौपानेको निर्देशन रहेको भिडियो साम्राज्ञी र विशाल रोमान्टिक अवतारमा प्रस्तुत छन् । भिडियो थाइल्यान्डका रमणीय स्थानमा खिचिएको हो । गीतमा शब्द, सङ्गीत र एरेञ्ज गायक पाठक स्वयमले गरेका हुन् । भिडियोमा सौरभ लामाको छायांकन छ ।





# एमाले वरिष्ठ उपाध्यक्ष पोखरेलले ल्याए 'आमा, सपना र ताराहरू'



■ प्रभाव संवाददाता

**काठमाडौं–** पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले साहित्य लेखनमार्फत सर्जकले आफ्ना सृजना देश र जनताका लागि खर्चनुपर्ने बताएका छन् । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलद्वारा लिखित 'आमा, सपना र ताराहरू' संस्मरणात्मक कृतिको आज विमोचन गर्दै उनले साहित्य लेखनलाई राजनीति, आर्थिक र सामाजिक परिवर्तनसँग जोडेर लैजानुपर्ने आवश्यकता औंल्याए ।

पूर्वराष्ट्रपति भण्डारीले भने, 'सर्जक पोखरेलले विभिन्न पत्रपत्रिकामा सैद्धान्तिक, वैचारिक लेख तथा साहित्य संस्मरणमार्फत मुलुकको राजनीतिक परिवर्तन, पार्टी एकता, संगठन सुदृढीकरण र वैचारिक धार प्रवल बनाउन महत्वपूर्ण योगदान दिनुभएको छ ।'

नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले पूर्वराष्ट्रपतिहरूलाई बाँकी जीवन राजनीतिमा पुनरागमन गर्नुभन्दा सामाजिक परिवर्तनको नेतृत्व गर्न आग्रह गरे । उनले भने, 'गरिबी र पतीवियोगमा रहनुभएकी आफ्नी आमाको प्रेरणाबाट पोखरेल राजनीति क्षेत्रमा अहिलेको अवस्थामा आइपुग्नुभएको हो । उहाँकी आमाले त्यसबेला पनि छोरा ईश्वरको अन्तरजातीय विवाहलाई सहजै स्वीकार्नुभयो । उहाँमा मुखले बोलेर कसैलाई चित्त दुखाउन हुन्न भन्ने भावना थियो ।'

नेकपा (एमाले)का उपमहासचिव प्रदीपकुमार ज्ञवालीले कृतिमा एक सय वर्षको बदलिँदो नेपाली समाज, पारिवारिक संगठन र विघटन, जलवायु परिवर्तनका कारणले भएका बसाइँसराइलगायत समसामयिक र वास्तविक पक्षलाई समेटिएको बताए ।

उनले भने, 'अहिले अभ्यासमा रहेको राजनीति र लोकतन्त्र सित्तैमा आएको होइन, नेपाली समाज वर्तमान अवस्थामा आइपुग्न धेरै आमाहरू र ईश्वर पोखरेलजस्ता योद्धाको ठूलो संघर्ष र बलिदानपूर्ण संघर्ष छ । उहाँहरू सर्वकालीन र सार्वभौम हुनुहुन्छ ।'

समालोचक उपप्राध्यापक डा विन्दु शर्माले शब्द चयनमा समेत निकै सजगता र सचेतना अपनाई नेपाली आमाहरूको त्याग, समर्पण र बलिदानीबारे इमान्दारीपूर्ण संस्मरणात्मक रूपमा प्रस्तुत गरिएको कृतिमा भावुक पार्ने क्षण र विषयवस्तु प्रशस्त रहेको धारणा राखे ।

कृतिका लेखक एमालेका वरिष्ठ उपाध्यक्ष पोखरेलले आफ्नी आमालाई परिवर्तन र रूपान्तरणको पात्रका रूपमा प्रस्तुत गर्दै समाज परिवर्तनको आन्दोलनका सिलसिलामा नेपाली आमाहरूलाई कसरी र कुन ठाउँमा पाइयो भन्ने विषयवस्तु जस्ताको त्यस्तै उतार्न कोसिस गरेको बताए । कृतिमा पति र पुत्रवियोगमा, आर्थिक अभावमा पनि समाज र सन्तानलाई देश र जनताका पक्ष अटल रहन प्रेरणा दिएका घटना समेटिएका छन् ।

पुस्तकमा माइती र घरमा आमा, पीडादायी घरायसी अवस्था, बाबुको निधन र त्यसपछिका चुनौती, आमासित छुट्टिन पर्दा, विद्यार्थी जीवन र राजनीतिमा प्रवेश, मैले घर छोडेपछि आमाको अवस्था, भूमिगत अवस्थामा आमासित भेट, मलाई बचाउने औतारी लामा, आँखा दान गर्ने आमा र आमाको स्वभाव शीर्षकमा विभिन्न विषयवस्तु समावेश छन् । यसअघि वरिष्ठ उपाध्यक्ष पोखरेलका 'पूर्वको रातो तारा', 'माघ १९' लगायत कृति प्रकाशित छन् ।

# 'मिसिङः केटी हराएको सूचना'को गीत 'सपनीमा' सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी माघ ११ गते रिलिज हुने फिल्म 'मिसिङः केटी हराएको सूचना'को गीत 'सपनीमा' सार्वजनिक भएको छ । ललितपुरको पुल्चोकस्थित लबिम मलमा शुक्रबार एक कार्यक्रमका बीच गीत सार्वजनिक गरिएको हो । गीतमा इन्दिरा जोशी र करण परियारको स्वर तथा करुण थापाको शब्द र संगीत छ । गीतकार थापा २० वर्षपछि यही गीतमार्फत पार्श्व गीत लेखनमा कमव्याक गरेका हुन् । एकस्टिक नेपालका स्टुडियोमा रेकर्ड गरिएको गीतमा फणिन्द्र राईको एरेन्ज, प्रकाश मिश्रको एरेन्ज तथा दिल समर्पण र राजा बाबुको रेकर्डिङ छ ।



गीतमा फिल्मका प्रमुख कलाकार नाजिर हुसेन र सृष्टि श्रेष्ठ फिचर्ड छन् । नाजिरले परिकल्पना गरेको घर र परिवारबाट सुरुवात भएको गीतमा नाजिर र सृष्टिलाई रोमान्टिक भावमा देखाइएको छ । ग्रामीण परिवेशमा छायांकन गरिएको गीतमा यो जोडीलाई निकै सुहाएको छ । गीतको संगीत, गायन र शब्द अब्बल छ । गीतमा कोरियोग्राफर रामजी लामिछानेले सृष्टि र नाजिरलाई डान्सिङ शैलीमा प्रस्तुत गरेका छन् ।

कार्यक्रममा गायिका इन्दिराले फिल्मले तराईको पात्रलाई हिरोको रूपमा स्थापित गराएको भन्दै राम्रो कथावस्तुको फिल्ममा स्वर दिन पाएकोमा खुशी व्यक्त गरिन् । गायक करणले फिल्ममा पार्श्व गायनको सपना 'मिसिङः केटी हराएको सूचना'ले पुरा गरेको खुलाए । गीतकार र संगीतकार करुणले फिल्मका निर्देशक दीपेन्द्र गौचन र आफू पुरानो साथी रहेकाले उनकै अनुरोधमा गीत लेखेको बताए । आफूले दीपेन्द्रलाई नेपाल फर्किएर राम्रो कथाको फिल्म बनाउन सधैं हौसाइरहने स्मरण गर्दै फिल्मका लागि दुई गीत तयार भए पनि 'सपनीमा'लाई सबैले मनपराएर गीतमा राखेको खुलाए । करुणले लेखेका गीत 'आगो लाग्यो दिलैमा' र 'बादल वर्षा बिजुली' लोकप्रिय गीत मानिन्छन् ।

निर्देशक दीपेन्द्र गौचनले संगीतप्रति आफ्नो लगाव पुरानै रहेकाले फिल्मको कथा सुहाउँदो गीत तयार पारिएको बताए । भिडियोका कोरियोग्राफर रामजी लामिछानेले निर्देशक र गीत लेखनमा कमव्याक गरेका दिग्गजसँग सहकार्य गर्न पाउँदा खुशी लागेको बताए ।

ट्राई सिटी पिक्चर्स प्रस्तुतकर्ता रहेको फिल्म ट्राई सिटी पिक्चर्सकै व्यानरमा निर्माण भएको हो । फिल्ममा ३२ वर्षअघिको डकु-ड्रामा 'उजेली'का निर्देशक दीपेन्द्र गौचनको निर्देशन छ । उनले 'हाम्रो मुमिन' डकुड्रामाको पनि निर्देशन गरेका थिए । दीपेन्द्रकै निर्माण रहेको फिल्ममा उनकै स्क्रिप्ट लेखन छ ।

फिल्ममा नाजिर, सृष्टिसँगै सञ्जय गुप्ता, रामनारायण ठाकुर, मदन ठाकुर, रिना रिमाल, कौशल्या ठाकुर, ललितादेवी मिश्र, रूपेश मण्डल, सुदीप पटेल, अनिल कुर्मी, मनोज शाह, अर्जुन पोखरेल र ओमप्रकाश कर्णको अभिनय छ । फिल्ममा अमितेष शाह विशेष भूमिका छन् ।

नकिम उद्दिन कार्यकारी निर्माता रहेको फिल्ममा मनोहर दास मुल, अनिन राजभण्डारी, राजीव थापा, रोबिन थापा, राधेश पन्त, महेन्द्र शाक्य, ज्योतिमान शेरचन, चन्द्र भट्टचन, सञ्जय भट्टचन सह-कार्यकारी निर्माता, अमितेष शाह सहायक निर्माता, दीपेन्द्र गौचनको कथा र लेखन, अमित पोखरेल र अमितेष शाहको सहायक लेखन, अमित पोखरेलको स्क्रिप्ट सुपरभिजन छ ।

फिल्ममा अमर महर्जनको डीओपी, निमेष श्रेष्ठको सम्पादन, शंकर महर्जनको द्वन्द्व, दीपेन्द्र गौचन, प्रवेश मल्लिक र करुण थापाको संगीत, दीपेन्द्र गौचन, अमितेष शाह, करुण थापाको शब्द, सितुसित बस्नेत, रोहित जोन क्षेत्री, प्रवेश मल्लिक, नेहा प्रियदर्शनी, करण परियार र इन्दिरा जोशीको स्वर, राजीव कर्णको कोरियोग्राफी छ ।

ओएसआर डिजिटल डिजिटल पार्टनर रहेको फिल्म एप्पल इन्टरटेनमेन्ट, एफडी कम्पनी र रिच इन्टरटेनमेन्टले वितरण गर्दैछन् ।



एन्फा महिला लिज

# वालिङविरुद्ध पुलिसको फराकिलो जित



■ प्रभाव संवाददाता

**काठमाडौं–** विभागीय टोली नेपाल पुलिस क्लबले एन्फा महिला लिगअन्तर्गत अन्तिम चरणको पहिलो खेलमा फराकिलो जित हात पारेको छ ।

सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा शुक्रबार भएको खेलमा पुलिसले स्याङ्जाको वालिङ नगरपालिकालाई ५-० को फराकिलो अन्तरले पराजित गरेको हो ।

पुलिसका लागि अनुस्का शेर्पा र सम्झना लावतीले दुई-दुई गोल गरे भने पुजा रानाले एक गोल गरिन् । अनुस्काले खेलको २६औं मिनेटमा गोल गर्दै पुलिसलाई अग्रता दिलाएकी थिइन् । सम्झनाले ४५औं मिनेटमा गोल गरेपछि पुलिसले पहिलो हाफमा २-० को अग्रता बनायो ।

दोस्रो हाफको पहिलो मिनेटमै पुजा रानाले गवल गरेपछि पुलिसले ३-० को अग्रता बनायो । यस्तै ४८औं मिनेटमा अनुस्काले व्यक्तिगत दोस्रो गोल गरिन् भने सम्झनाले ६०औं मिनेटमा व्यक्तिगत दोस्रो गोल गर्दै पुलिसको ५-० को अग्रता पक्का गरिन् । जितपछि पुलिस ३ अंक जोडेर शीर्ष स्थानमा छ । लिगअन्तर्गत शनिबार एपीएफ फुटबल क्बल र बागमती युथ क्लबबीच खेल हुनेछ ।

बिहीबार भएको पहिलो खेलमा बागमती अर्को विभागीय क्लब त्रिभुवन आर्मी एफसीसँग २-० ले पराजित भएको थियो ।

# राखेपका नवनियुक्त सदस्यले लिए पद तथा गोपनीयताको शपथ



■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय खेलकुद परिषद्मा नियुक्त भएका सदस्यहरूलाई पद तथा गोपनीयताको शपथ गराइएको छ ।

शुक्रबार सिंहदरबारस्थीत खेलकुद मन्त्रालयमा खेलकुदमन्त्री तेजुलाल चौधरीले परिषद्को सदस्यमा नियुक्त भएका ८ जनालाई पद तथा गोपनीयताको शपथ गराएका हुन् ।

केही दिन अघि बसेको मन्त्रिपरिषद् बैठकले खेलकुद परिषद्को सदस्यमा शान्तिकुमारी चौधरी, आनन्दकुमार झा, सुवर्ण श्रेष्ठ, कमलबहादुर भट्टराई, हिमालकुमार श्रेष्ठ, नन्दा बस्याल, जगतसिंह धामी र भानबहादुर चन्दलाई चार वर्षका लागि नियुक्त गरेको थियो ।

परिषद्का सदस्यहरूलाई शपथ गराउँदै मन्त्री चौधरीले खेलकुद क्षेत्रको विकासका लागि आवश्यक भूमिका निर्वाह गर्न आग्रह गरे ।

# गल्कोटविरुद्ध एपिएफको कठिन जित

■ प्रभाव संवाददाता

**रूपन्देही–** विभागीय टीम एपिएफले गल्कोट भलिबल क्लबलाई हराउँदै आफ्नो पहिलो जित दर्ता गराएको छ । बुधबारबाट बुटवलमा जारी मदन भण्डारी गोल्डकप इन्डो-नेपाल रनिङ शिल्ड पुरुष भलिबल च्याम्पियनसिप-२०८१ मा एपिएफले शुक्रवार करिब ३ घण्टाको समय खर्चेर ३-२ को कडा प्रतिस्पर्धामा कठिन जित निकालेको हो ।

बिहीबार स्थगित एपिएफ र गल्कोटबिचको खेल शुक्रवार पुनः खेलाइएको थियो । शुक्रवार पहिलो सेट २५-१५ मा सहजै जितेको एपिएफले दोस्रो सेट २५-२२ पनि आफ्नो पक्षमा पाऱ्यो । एपिएफको स्पाइकरको जोडी सुरेन्द्र केसी र सरोज वर्देवाले टोलीलाई कठिन समयमा जित दिलाएका थिए । तर गल्कोटका मिन सुनार, जीवन सुनार, आलोक सुनार इरानियन खेलाडी मोविन सिरीको मेहनतले तेस्रो र चौथो सेट जित्यो । गल्कोटले तेस्रो सेट २५-२२ तथा चौथो सेट ३३-३१ अंकमा जितेको थियो ।

निर्णायक अन्तिम तथा पाँचौं सेटको लाइन्स जज र रेफ्रीको निर्णयलाई लिएर पटकपटक विवाद हुँदा खेल करिब आधा घण्टा रोकिएको थियो । तनावपूर्ण त्यो सेट एपिएफले २०-१८ ले जित्यो । यसैगरी यसअघि शुक्रबार भएको पहिलो खेलमा आयोजक मदन भण्डारी स्पोर्टस एकेडेमी विजयी भएको थियो । एकेडेमीले आफ्नो दोस्रो खेलमा शुक्रवार रुकुम पश्चिम भलिबल प्रशिक्षण केन्द्रलाई ३-० को सोझो सेटमा पराजित गरेको हो ।

एकेडेमीले छनोट चरणको अन्तिम प्रतिस्पर्धा आइतवार मणिमुकुन्दसंग गर्नेछ । दुवै खेल गुमाएको रुकुमपश्चिमले सोमवार पुलिसको सामना गर्नेछ । समूह एमा रहेको पुलिस, मणिमुकुन्दले समान खेले जितेका छन् ।

प्रतियोगिताको विजेताले ७ लाख ५० हजार, दोस्रो टोलीले ३ लाख ५० हजार, तेस्रोले १ लाख ७५ हजार र चौथो टोलीले १लाख रूपैयाँ पाउने छ । शनिवार ३ वटा खेल हुनेछन् ।

# एनएसएलको अक्सन फेब्रुअरीमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल सुपर लिग (एनएसएल) तेस्रो सिजनको लागि खेलाडीको 'अक्सन' फेब्रुअरी तेस्रो साता हुने भएको छ ।

धेरै अघि गर्नु फाइदाजनक नभएकाले प्रतियोगिताको एक महिनापूर्व अक्सन गर्न लागिएको आयोजक नेपाल स्पोर्ट्स एन्ड इभेन्ट्स म्यानेजमेन्ट (एनएसइएम) का महानिर्देशक श्रेयांश कार्कीले बताएका छन् ।

'अरू इभेन्ट्ससँग नजुध्ने गरी अक्सनको तयारी फेब्रुअरी तेस्रो साताको लागि गरेका छौं,' उनले खेलपाटीसँग भने, 'खेलाडी घाइते हुने, बाहिर जाने, क्लबसँग आबद्ध हुनसक्ने भएकाले अक्सन धेरै अगाडि गर्दा त्यति फाइदा हुँदैन । प्रतियोगिता सुरु हुनुभन्दा एक महिनाअघि मात्रै अक्सन गर्ने लक्ष्यमा छौं ।' एनएसएलको तेस्रो सिजन २९ मार्च (चैत १६) देखि सञ्चालजन गर्ने घोषणा गरिसकेको छ ।

पहिलो संस्करण २०२१ अप्रिल २४ देखि मे १५ सम्म भएको थियो, जसको उपाधि काठमाडौं रेजर्सले उचालेको थियो । २०२४ नोभेम्बर २४ देखि डिसेम्बर ३० सम्म भएको दोस्रो संस्करणमा ललितपुर सिटी एफसी च्याम्पियन भएको थियो । दशरथ रंगशालामा आयोजित दुवै संस्करणको फाइनलमा धनगढी एफसी रोकिएको थियो ।

अखिल नेपाल फुटबल संघ (एन्फा) ले चार वर्षे सम्झौता गर्दै सन् २०१९ जनवरीमा एनएसइएमलाई एनएसएल आयोजना गर्ने अधिकार सित्तैमा दिएको थियो ।

उपत्यकाका क्लबहरूले चर्को विरोध गरेपछि २०२२ डिसेम्बरमा एन्फालाई १७ करोड रूपैयाँभन्दा बढी तिर्ने गरी एनएसइएमले आठ वर्षको लागि एनएसएल आयोजना गर्ने अधिकार पाएको थियो । पहिलो वर्ष एनएसइएमले एन्फालाई एक करोड ५० लाख बुझाउने र त्यसपछि बर्सेनि १० प्रतिशत थपिने सम्झौता रहेको छ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १५३५०० | प्रति तोला – ० | प्रति तोला – १८१० |



**मुस्ताङमा हिमालका लहर** | मुस्ताङको चर्चित पर्यटकीयस्थल ढुम्बा तालबाट देखिएको मानापाथी हिमाल, धौलागिरि आइसफल जाने ट्रेकिङ रुट र पृष्ठभूमिमा धौलागिरि हिमाल। *तस्बिरः सुशीलबाबु थकाली/रासस*

# 'हवाई, संस्कृति र पर्यटन नीति बनाउन लागिपरेका छौं'

■ प्रभाव संवाददाता

**काठमाडौं–** संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले हवाई, संस्कृति र पर्यटन नीति बनाउने कार्यलाई सरकारले प्राथमिकतामा राखेको बताएका छन्। प्रतिनिधिसभा मातहतको अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिको बैठकमा उनले विभिन्न धर्मावलम्बीको आस्थासँग जोडिएका मठ, मन्दिर, गुम्बा, चैत्य र चर्च निर्माणमा केकति सहयोग गर्ने भन्नेबारे तीन तहका सरकारबीच समन्वय र मापदण्ड तर्जुमाको खाँचो औंल्याए।

बैठकमा नेपाल पर्यटन बोर्डको कार्यसम्पादन, विद्यमान समस्या र समाधानका उपायबारे छलफल भएको थियो। मन्त्री पाण्डेले भने, 'पर्यटन बोर्ड पर्यटन क्षेत्रको थिङ्कट्याङक हो। पूर्वाधारभन्दा पर्यटन प्रवर्द्धनमा यो केन्द्रित छ। अरु क्षेत्रमा जस्तै पर्यटन क्षेत्रमा पनि 'हुन्छ भन्ने तर चित्त बुझाउन नसक्ने' प्रवृत्तिले काममा बाधा पुऱ्याइरहेको छ।'

बोर्डले आफूलाई गतिशील तुल्याउने र प्रतिफलको मूल्याङ्कन गर्ने प्रणाली विकास गर्नुपर्ने आवश्यकतामा जोड दिँदै तीन तहका सरकारको सहयोग र समन्वयमा आफ्नो कार्य जिम्मेवारीको प्राथमिकतासम्बन्धी प्राथमिकीकरण गर्न मन्त्री पाण्डेले सुझाव दिए। मन्त्रालयका सचिव डा. गणेशप्रसाद पाण्डेयले मुलुकको पर्यटन



क्षेत्रको विकास र विस्तार गर्ने गाउँ तहदेखि केन्द्रीय सरकारसम्मका प्रतिनिधिले जवाफदेही भएर अतिथिको सेवा र सत्कारमा जुट्नुपर्ने आवश्यकता औंल्याए।

उनले भने, 'पर्यटकको संख्याभन्दा दिगो र गुणस्तरीय पर्यटक भित्र्याउन लगानी बढाउनुपर्छ। काठमाडौं, पोखरा र चितवनमा सीमित पर्यटकलाई अरु स्थानमा पुऱ्याउन यातायात, होटललगायत भौतिक पूर्वाधार तथा अध्यागमन र गुणस्तरीय खानपिनमा सुधारको खाँचो छ।' पर्यटन बोर्डका कार्यकारी निर्देशक दीपक जोशीले देशको पर्यटन प्रवर्द्धनका लागि निजी क्षेत्रसँग सहकार्य गर्ने मुख्य जिम्मेवारी रहेको बोर्डको रहेको भन्दै कोभिड-१९ पछि खस्किएको पर्यटन क्षेत्र पछिल्लो समय पर्यटन आगमनका हिसाबले ९६ प्रतिशत पुनर्प्राप्ति भएको दाबी गरे। उनले भारतको अयोध्यासहित विभिन्न स्थानमा नेपालको पर्यटन प्रवर्द्धनका लागि सूचना केन्द्र स्थापना, सहासिक पर्यटन गन्तव्यको पहिचान गर्दै गुणस्तरीय पर्यटन भित्र्याउन विभिन्न कार्यक्रम अघि बढाउन लागिएको जानकारी दिए।

यसअघि बैठकमा सदस्यहरूले नेपालमा पर्यटकको संख्या वृद्धि गर्ने वैदेशिक रोजगारी र अध्ययन गर्न जानेलाई बोर्डले प्रचारप्रसारका लागि प्रशिक्षित गराउनुपर्ने, भारत र चीनलाई लक्षित गरी पर्यटन प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिएका थिए। उनीहरूले देशको आम्दानीको ठूलो स्रोत पर्यटन भएकाले बोर्डलाई परम्परागत ढंगबाट नभई गुणात्मक पर्यटक भित्र्याउन नयाँ गन्तव्यको खोजी र रणनीति बनाउन सुझाव दिए।

सदस्यहरूले तराई मधेसका गढीमाई र सिम्रौनगढ केचनाकवलबाट शुल्लाफाँटासम्मका क्षेत्र पर्यटकीय गन्तव्य रहेकाले गुरुयोजना बनाएर प्रचारप्रसार र पर्यटन प्रवर्द्धनमा काम गरिएको खण्डमा नेपालमा पर्यटनको प्रचुर सम्भावना रहेको धारणा राखे। सभापति राजकिशोर यादवले अर्थतन्त्रको मुख्य हिस्सा ओगटेको पर्यटन क्षेत्रको विकास र विस्तारका लागि गुरुयोजना बनाउन ढिलाइ गर्न नहुने विचार प्रकट गरे।

# एमसिसीद्वारा नेपाल कम्प्याक्टका लागि थप पाँच करोड डलर सहयोग स्वीकृत

■ प्रभाव संवाददाता

**काठमाडौं–** संयुक्तराज्य अमेरिकी सहयोग मिलेनियम च्यालेञ्ज कर्पोरेसन (एमसिसी) को सञ्चालक समितिले नेपाल कम्प्याक्टका लागि थप पाँच करोड अमेरिकी डलर अर्थात् करिब ६ अर्ब ८० करोड रूपैयाँ सहयोग स्वीकृत गरेको छ।

यसले कम्प्याक्टको कूल बजेटलाई सात सय ४७ मिलियन अमेरिकी डलरसम्म पुऱ्याउने यहाँस्थित अमेरिकी दूतावासले जनाएको छ। यो कदमले अमेरिका र नेपालबीचको लगातार र सशक्त साझेदारीलाई प्रदर्शन गरेको छ।

यसले नेपाली नागरिकहरूको जीवनस्तर सुधार गर्नका लागि रूपान्तरणकारी पूर्वाधार परियोजनाहरू अघि बढाउनका लागि दुवै देशको समर्पणलाई थप प्रगाढ पनि बनाउने बताइएको छ। यस थप सहयोग प्रस्तावलाई अब नेपाल सरकारको स्वीकृतिका लागि पठाइनेछ।

एमसिसी सञ्चालक समितिको यस निर्णयले नेपालका विकास प्राथमिकतालाई रूपान्तरणकारी तथा गुणस्तरीय पूर्वाधार परियोजनाका माध्यमबाट अगाडि बढाउने एमसिसी र नेपाल सरकारबीचको साझा प्रतिबद्धतामाथि जोड दिएको छ।

एमसिसी कम्प्याक्ट अपरेशनका उपाध्यक्ष क्यामरन अल्फोर्डले भने, 'यस अतिरिक्त आर्थिक सहयोगले नेपालको विद्युत् ग्रिडलाई बलियो बनाउने र दीर्घकालीन आर्थिक वृद्धिलाई प्रवर्द्धन गर्ने दिशामा कम्प्याक्टको सफलता सुनिश्चित गर्ने हाम्रो साझा प्रतिबद्धतालाई पुष्टि गर्दछ।'

आर्थिक वृद्धिमार्फत विश्वव्यापी गरिबी निवारण गर्नका निम्ति कार्यरत मिलेनियम च्यालेञ्ज कर्पोरेसन अमेरिकी सरकारको एक स्वतन्त्र विकास निकाय हो। सन् २००४ मा स्थापित एमसिसीले सुशासन, भ्रष्टाचारविरुद्धको लडाइँ र लोकतान्त्रिक अधिकारको सम्मानसम्बन्धी कडा मापदण्डहरू पूरा गर्ने देशहरूलाई अनुदान उपलब्ध गराउँदै आएको छ। यस्तो सहयोग पूर्वाधार निर्माण वा सुधारका साथै नीतिगत तथा संस्थागत सुधारमा लगानी गर्नका निम्ति समयसीमामा बाँधिएका अनुदान उपलब्ध गराउने गरिएको छ।

एमसिसी परियोजनाअन्तर्गत चार सय केभीको डबल सर्किट तीन सय १५ किलोमिटर विद्युत् प्रसारण लाइन बन्नेछ। काठमाडौंको लप्सीफेदी र नुवाकोटको रातमाटेमा सबस्टेसन, मकवानपुर, धादिङ, तनहुँ, पाल्पा, चितवन, नवलपरासी हुँदै भारतको महेशपुरसम्म प्रसारण लाइन बनाइने छ। प्रसारण लाइन निर्माणपछि नेपाल-भारतबीच तीन हजार मेगावाट बिजुली आदानप्रदान सम्भव हुनेछ।

# ऊर्जा क्षेत्रमा लगानी बढाउनुपर्नेमा जोड

**काठमाडौं (प्रस)–** उर्जा क्षेत्रका विज्ञहरूले मुलुकलाई समृद्ध बनाउन उर्जामा लगानी बढाउनुपर्नेमा जोड दिएका छन्। सरकारले निजी क्षेत्रलाई सहुलियतमा ऋण दिनुपर्ने मागसमेत विज्ञहरूले गरेका छन्।

राजधानीमा आयोजित साक्षात्कारमा उनीहरूले सरकारले निजी क्षेत्रलाई प्रोत्साहित गरेमा मात्रै काम गर्न सकिने जनाए। उक्त काममा सरकारले मध्यस्थकर्ताको भूमिका निर्वाह गर्नुपर्ने सुझाव दिए।

उर्जा विज्ञ कृष्णप्रसाद भण्डारीले २८ हजार पाँच सय मेगावाट बिजुली उत्पादन गर्ने सरकारको लक्ष्य दुरगामी र महत्वकांक्षी रहेको टिप्पणी गरे। सन् २०३५ सम्म २८ हजार पाँच सय मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्यसहित 'ऊर्जा विकास मार्गचित्र-२०८१' मन्त्रिपरिषद्बाट स्वीकृत भएको छ। ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काको प्रस्तावमा यही पुस १६ गतेको मन्त्रिपरिषद् बैठकले उक्त कार्ययोजना स्वीकृत गरेको थियो।

'हामीले तीन दशकमा तीन हजार चार सय मेगावाट बिजुली उत्पादन गऱ्यौं, त्यो पनि ८० प्रतिशत निजी क्षेत्रले गरेको छ, १० वर्षभित्रमा २८ हजार पाँच सय मेगावाट विद्युत् उत्पादनका लागि आर्थिक स्रोत कहाँबाट ल्याउने ?', विज्ञ भण्डारीले भने।

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान) का अध्यक्ष गणेश कार्कीले ऊर्जा क्षेत्रमा लगानी वृद्धि गर्नुपर्नेमा जोड दिए। नेपाल विद्युत् प्राधिकरणका पूर्वकार्यकारी निर्देशक मुकेशराज काफ्लेले राज्यले ऊर्जा क्षेत्रमा लिएको लक्ष्य सरकार र नीति क्षेत्र मिलेको खण्डमा मात्र पूरा गर्न सकिने धारणा राखे।

# ग्लोबल आइएमईको बृहत् रक्तदान

**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंक लिमिटेडले आफ्नो १८औं वार्षिकोत्सवको अवसरमा वृहत रक्तदान कार्यक्रमको आयोजना गरेको छ। ग्लोबल आइएमई बैंक पौष १८ गते बिहीबारदेखि स्थापनाको १८ वर्ष पुरा गरी १९ औं वर्षमा प्रवेश गरेको छ। यही अवसरमा बैंकले मुलुकका सातवटै प्रदेशमा एकैसाथ रक्तदान कार्यक्रमका साथ-साथै निशुल्क आँखा जाँच, रक्तचाप तथा मधुमेह परीक्षण कार्यक्रम आयोजना गरेको हो।

यस कार्यक्रमअन्तर्गत, कोशी प्रदेशको तीनपैनी शाखा, मधेश प्रदेशको जनकपुर शाखा, बाग्मती प्रदेशको कान्तिपथ शाखा र नारायणगढ शाखा, गण्डकी प्रदेशको पोखरा न्यूरोड शाखा, लुम्बिनी प्रदेशको मिलनचोक बुटवल शाखा र नेपालगंज शाखा, कर्णाली प्रदेशको सुर्खेत शाखा र सुदूरपश्चिम प्रदेशको धनगढी शाखामा रक्तदान कार्यक्रम आयोजना गरिएको छ। कार्यक्रममा ७५७ रक्तदाताहरूले रक्तदान गरेका छन्। यसैगरी, ११९ जनाको आँखा जाँच गरिनुका साथै २०० जनाको रक्तचाप तथा मधुमेहको परीक्षण गरी आवश्यक परामर्श प्रदान गरिएको छ। बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वलाई मध्यनजर गरी



यस्ता समाजपयोगी कार्यहरूमार्फत आम जनमानसलाई प्रत्यक्षरूपमा लावान्भित गर्दै आएको छ।

ग्लोबल आइएमई बैंक ग्लोबल फाइनान्सको बेष्ट बैंक अवार्ड २०२४ तथा युरो मनी अर्वाड फर एक्सलेन्स २०२४ अन्तर्गतका दुई विधाबाट नेपालको सर्वश्रेष्ठ बैंकको रूपमा सम्मानित बैंक हो। साथै, ग्लोबल आइएमई बैंक विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्थाहरूबाट फरकफरक विधामा सम्मानित भएको छ।

ग्लोबल आइएमई बैंक मुलुकको सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो। बैंकको ३५५ शाखा कार्यालय, ३८४ एटिएम, २३७ शाखा रहित बैंकिङ्ग सेवा, ६८ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,१०० भन्दा बढि सेवा केन्द्रबाट आफ्ना ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गर्दै आइरहेको छ। बैंकले नेपाली नागरिकहरूलाई बैंकिङ सेवाहरू प्रदान गर्नुका अतिरिक्त विश्वका विभिन्न देशहरूबाट रेमिट्यान्स सेवा पनि दिँदै आएको छ।

# १९औं वर्षमा मुक्तिनाथ विकास बैंक

■ प्रभाव संवाददाता

**काठमाडौं–** मुक्तिनाथ विकास बैंक लिमिटेड अठारौं वर्ष पुरा गरी १९ औं वर्षमा प्रवेश गरेको छ। वार्षिकोत्सवको अवसरमा बैंकको आयोजनामा देशभर विभिन्न कार्यक्रम सम्पन्न भएका छन्। बैंकले केन्द्रीय कार्यालय, लाजिम्पाट काठमाण्डौं, क्षेत्रीय कार्यालयहरू जनकपुर, नारायणगढ, धादिङ्ग, पोखरा, बुटवल र कोहलपुरमा आयोजित बृहत रक्तदान कार्यक्रममा कुल ६११ युनिट रगत संकलन गरी स्थानीय रक्तसञ्चार गृहहरूलाई हस्तान्तरण गरिएको छ।



सोही अवसरमा, वातावरण संरक्षण र जलवायु परिवर्तन रोकथाम विषयलाई लक्षित गरी कक्षा ८ देखि १० सम्मका विद्यार्थीहरू बीच 'आर्ट फर अर्थ, कम्ब्याटिङ क्लाइमेट' शीर्षकमा राष्ट्रव्यापी चित्रकला प्रतियोगिता सम्पन्न भएको छ। उक्त प्रतियोगितमा कुल ४७६ विद्यार्थीहरू सहभागी भएका थिए। सर्वोत्कृष्ट चित्रको सिर्जनाकार जुलेन गुरुङ्गलाई रु. ५० हजार नगद र प्रमाण पत्र, हरेक क्षेत्रीय कार्यालय अन्तर्गतको उत्कृष्ट चित्रकारलाई जनही रु. १० हजार नगद र प्रमाण पत्र प्रदान गरिएको छ।

त्यसै गरी, बैंकले कृषि क्षेत्रमा खोज अनुसन्धान गरी प्रेरणादायी लेख रचनाहरू तथा समाचारहरू प्रकाशित गर्ने उत्कृष्ट ३ जना पत्रकारहरूलाई 'मुक्तिनाथ उत्कृष्ट कृषि पत्रकारिता पुरस्कार'ले सम्मानीत गरेको छ। उक्त पुरस्कार प्राप्त गर्ने पत्रकारहरू सागर परियार (जुम्ला), कौशिला कुँवर (काठमाडौं), र माधवप्रसाद अर्याल (पाल्पा) लाई क्रमशः रु. ३५, २५ र १५ हजार, नगद पुरस्कार र प्रमाण पत्र प्रदान गरिएको छ।

साथै, बैंकले सात वटै प्रदेशलाई समेटिने गरी विभिन्न विद्यालयका कक्षा ११ र १२ मा अध्ययन गर्ने विद्यार्थीहरूलाई छात्रवृत्ती, विभिन्न क्याम्पसहरूमा पुस्तकालय स्थापना तथा भौतिक संरचना निर्माण गर्न सहयोग, विभिन्न विद्यालयका विद्यार्थीहरूलाई न्यानो कपडा तथा स्टेशनरी सामग्रीहरू वितरण, वातावरण संरक्षण तथा सरसफाई सम्बन्धी कार्य, बागमती सफाई महाअभियानलाई सफाई सामाग्री हस्तान्तरण, गैरनाफा मूलक सामाजिक संस्थाहरूलाई आर्थिक सहयोग, वित्तीय साक्षरता कार्यक्रम संचालन, डिजिटल माध्यमद्वारा बैंकिङ्ग साक्षरता, धार्मिक तथा साँस्कृतिक विकासका लागि आर्थिक सहयोग, स्थानीय निकायहरूसंग सहकार्य गरी सेवाग्राहीको हित हुनेगरी फर्निचर तथा उपकरणहरू हस्तान्तरण जस्ता विभिन्न सामाजिक कार्यहरू सम्पन्न गरेको छ।

बैंकको केन्द्रीय कार्यालय, लाजिम्पाट, काठमाडौमा आयोजित कार्यक्रमको उद्घाटन बैंकका सञ्चालक समितिका अध्यक्ष तथा कार्यक्रमको अध्यक्ष भरत राज ढकालले गरेका थिए भने सञ्चालक उमेश कुमार आचार्यले स्वागत मन्तब्य, बैंकको हालको अवस्था, प्रगति तथा विभिन्न क्रियाकलापहरू बारेमा प्रमुख कार्यकारी अधिकृत प्रद्युमन पोखरेल र धन्यवाद मन्तब्य सञ्चालक नारायण कुमार श्रेष्ठले राखेका थिए।

उक्त कार्यक्रममा मुक्तिनाथ विकास बैंकको संस्थागत गीत विमोचन, संस्थामा १० वर्ष सेवा अवधि पुरा गरेका ४१ जना कर्मचारीहरूलाई सम्मान पनि गरिएको थियो। सो कार्यक्रममा बैंकका सञ्चालकहरू, सेयरधनीहरू, सेवाग्राहीहरू तथा कर्मचारीहरूको उपस्थिति रहेको थियो भने कार्यक्रमको सञ्चालन बैंकका व्यवस्थापक तेज बहादुर गिरीले गरेका थिए।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ